दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २१८ | बुटवल | २०८२ साउन १८ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday August 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


# रूपन्देहीमा बढ्दै रक्तदाता, एक वर्षमा ३४ हजार बढी युनिट संकलन

**मोहम्मद हबिब**
*भैरहवा*



रगत दिए बिरामी भइन्छ भन्ने मानसिकताबाट अहिले समाज परिवर्तन भइरहेको छ। मानिस जीवित रहनका लागि नभई नहुने पदार्थ रगत हो, तर चिकित्सा क्षेत्रमा जतिसुकै विकास भए पनि रगत कृत्रिम तरिकाले बनाउन सकेको छैन । अहिलेसम्म रगत दानले नै मृत्युको मुखमा पुगेकाहरुको ज्यान जोगिएको छ। आवश्यक व्यक्तिलाई रगतको दिनुपरेमा रक्तदान नै एकमात्र उपाय हो । रुपन्देही पनि ठूलो मात्रामा रगतको आवश्यकता छ, जसको पूर्ति गर्ने काम रेडक्रस रुपन्देहीले गरेको छ । यद्यपी रेडक्रसमा रगत संकलन हुनका लागि रक्तदानका लागि सञ्चालनमा रहेका विभिन्न संस्थाहरुको भूमिका उत्तिकै महत्वपूर्ण छ।

सामान्य अवस्थाको एक स्वस्थ मानिसले हरेक तीन महिनामा रक्तदान गर्दा शरीरमा कुनै हानी नोक्सान नहुने भने पनि रुपन्देहीमा एक वर्षको अवधिमा ३४ हजार ७२ युनिट रगत संकलन विभिन्न संघसस्थाबाट भएको छ। ती रगतबाट ३७ हजार ९ सय ९३ युनिट रगत र रगत तत्व भैरहवा र बुटवल रक्त संचारबाट वितरण गरिएको छ। एक वर्षको अवधिमा विभिन्न अस्पताल र जिल्लामा गरी ४५ वटा निकायमा रगत प्रदान गरिएको छ।

रगत क्षेत्रमा काम गर्दै आएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका अनुसार वर्ष २०८१-८२ को सुरुवातमा मौजदात ४९९ युनिट रहेको थियो। २८ हजार ६६ युनिट संस्थागत रक्तदानबाट संकलित रगत हो भने सोधभर्ना, व्यक्तिगत, विभिन्न अवसरमा रक्तदाताहरुबाट संकलित ६ हजार ६ युनिट र अन्य रक्तसञ्चारबाट प्राप्त ९ सय ८६ युनिट गरी एक वर्षमा ३५ हजार ५ सय ५७ युनिट संकलनतर्फ भएको छ भने वितरणतर्फ ३३ हजार ३ सय १२ रक्त वितरण भएको छ। ९ सय २६ युनिट अन्य रक्त सञ्चार केन्द्रमा पठाइएको छ, ३ सय ६७ युनिट रगत रोग युक्त, भएकोले नष्ट गरिएको छ। यस्तै ८ सय युनिट रगत विभिन्न कारणबाट प्रयोग गर्न अनुपयुक्त रहेको नेपाल रेडक्रस सोसाइटी रुपन्देही रक्त सञ्चार सेवा समितिका संयोजक सुशील गुरुङले बताए।

उनका अनुसार बुटवल र भैरहवाबाट ४ हजार ४ सय ४१ युनिट रक्ततत्व वितरित भएका छन , यस्तै ३३० युनिट अन्य रक्त सञ्चार केन्द्रमा पठाइएको, १ सय २ वटा विभिन्न कारणबाट प्रयोग गर्न अनुपयुक्त रहेको र १ सय १८ वटा मौजदात रहेको छ। रक्ततत्व संकलनतर्फ भने ३३० वटा अन्य रक्तसञ्चारबाट आएको, १२२ वटा मौजदात रहेको र ४ हजार ५३९ युनिट रक्ततत्व संकलित रगतबाट निर्माण गरिएको हो।

नेपाल रेडक्रस सोसाइटी रुपन्देहीका अध्यक्ष रामचन्द्र उपाध्यायले रुपन्देहीमा रगतमा धेरै सहजता भएको बताउँछन्। पुरानो मानसिकताबाट अहिलेको युवा जमातको भाव परिवर्तन भएको छ। रगत दिए बिरामी हुन्छ भन्ने डर त्रास हुन्थ्यो जुन अहिले छैन । जनचेतना र हौसाला बढाउने कार्यले गर्दा अहिले रगत दिनका लागि तम्सिने गरेका छन् । वर्षमा ४ पटक ३-३ महिनामा दिन मिल्छ, रक्तदाताहरुले आफैं कहाँ छ कार्यक्रम भनेर खोज्ने गरेको समेत पाइएको छ।

रुपन्देहीमा दैनिक रुपमा नै रक्तदानको कार्यक्रम भइरहन्छ र जसले रगतको सहजता भएको छ । प्लाज्मा र रक्त कोषहरुको समिश्रणबाट बनेको रगत तत्वहरुको भरियाको रुपमा काम गर्छ । मानव शरीरमा औसत ५ दशमलव ५ लिटर रगत रहेको हुन्छ।

रेडक्रसबाट नै सञ्चालित बुटवल रक्तसचार सेवा केन्द्र र रक्त सञ्चार सेवा इकाई भैरहवाका ब्लड बैंकबाट रुपन्देही, गुल्मी, पाल्पा, नवलपरासी, चितवन, कपिलवस्तु, अर्घाखाँची, रोल्पा, प्यूठानलगायतका जिल्लाका सेवाग्राहीलाई सेवा दिइरहेको छ । रेडक्रसको प्रविधिक सहयोगमा एक वर्षको अवधिमा सबैभन्दा बढी ५ हजार ५ सय ६६ युनिट रगतदान नेपाल स्वयंसेवी रक्तदाता समाज रुपन्देहीबाट भएको छ। यस्तै नेपाल नियमित रक्तदाता संघ जिल्ला शाखाबाट १ हजार ३ सय ७०, नेपाल स्वयंसेवी रक्तादाता समाज तिलोत्तमा शाखाबाट १ हजार २ सय ४८, तिलोत्तमा रक्तदाता समाजबाट १ हजार १ सय ८०, नेपाल नियमित रक्तदाता संघ केन्द्रीय समितिबाट १ हजार १ सय ६ युनिट रगत संकलन भएको छ।

कुल रगत संकलितमध्ये ५ हजार ३ सय ३७ जना महिला र २८ हजार ७ सय ३५ पुरुष रहेका छन् । रक्तदान गर्नेमा ८४ प्रतिशत पुरुष रहेका छन् भने १६ प्रतिशत महिला रहेको छ । जिल्लामा ७ सय ७ पटक रक्तदान विभिन्न ४ सय ३८ वटा संघसंस्थाले गरेको रक्त सञ्चार सेवा रिपोर्टिङका शाखा प्रमुख बसुन्धरा गौतमले जानकारी दिइन । 'जन्मदिनको अवसरमा, पुण्यतिथि, विवाह वर्षगाँठ, स्थापना दिवसहरुमा पनि रगतदान कार्यक्रम गर्नेहरु बढ्दो रहेको तथ्याङ्क छ।'-शाखा प्रमुख गौतमले भनिन्।

उनका अनुसार संकलित रगतमध्ये ४७ प्रतिशत पुरुषले र ५३ प्रतिशत महिलाले रगतको प्रयोग गरेका छन्। सरकारी अस्पतालमा सेवा लिने बिरामीहरुलाई ३७ प्रतिशत अर्थात् १४ हजार १ सय ३१ युनिट रगत खपत भएको छ भने सामुदायिक तथा निजी अस्पतालमा २३ हजार ८ सय ३२ युनिट अर्थात् ६३ प्रतिशत रगत खपत भएको छ।

रुपन्देहीबाट सबैभन्दा बढी रगत लुम्बिनी प्रादेशिक अस्पतालमा १३ हजार २ सय १९ युनिट वितरण गरिएको छ। यस्तै युनिभर्सल मेडिकल कलेज भैरहवामा ५ हजार ७ सय ७०, गौतमबुद्ध मुटु अस्पताल बुटवलमा ५ हजार ७५, क्रिमशन अस्पताल मणिग्राममा १ हजार ८ सय ६६, सिद्धार्थ बाल तथा महिला अस्पतालमा १ हजार ५ सय ६, देवदह मेडिकल कलेजमा १ हजार १७, भैरहवास्थित भिम अस्पतालमा ८ सय ७८ र सिद्धार्थनगर सिटी अस्पतालमा ८ सय ७८ युनिट रगत वितरण गरिएको छ। यसको अलवा आवश्यकता र मागअनुसार विभिन्न अस्पताल र जिल्लामा रगत वितरण गरिएको छ। जिल्लामा कुनै रगत समूहको रगत अभाव हुँदा पनि बाहिरी जिल्लाबाट रगत लिने र बढी संचिती भएको रगत आवश्यकताको आधारमा पठाइने गरिएको शाखाले जानकारी दिएको छ।

रगतको अभाव हुन नदिन स्वतःस्फुर्त रुपमा संस्थागत रुपमा पनि रक्तदानको कार्यक्रम हुँदै आएको छ। पहिलाको तुलनामा अहिले रगत दिनेको संख्यामा बढोत्तरी भएको पाइन्छ । रुपन्देहीका विभिन्न क्षेत्रमा दैनिकजसो नै रक्तदानका कार्यक्रम हुने गरेको छ, अहिले रक्तदान गर्न उत्साह बढेको निवर्तमान सभापति दिपक क्षेत्री न्यौपानेले बताए । सामाजिक संस्था, जातीय संस्था, रेडक्रस परिवार, वित्तीय संस्था, धार्मिक संस्था, उद्योग तथा व्यापारिक संस्था तथा प्रतिष्ठान, स्वास्थ्य संस्था, राजनैतिक, पालिका, शैक्षिक, खेलकुद तथा संयुक्त रुपमा पनि रक्तदानका कार्यक्रम आयोजना गर्ने गरेका छन् । यी तथ्याङ्क विगतको वर्षभन्दा धेरै हो।

दैनिक १०० देखि १२५ प्वाइन्ट रगत सरदरमा जिल्लामा खपत हुने गरेको छ। प्रत्येक पटक डायलाइसिस गर्नेलाई रगतको आवश्यकता पर्छ, त्यस्तै प्रसूति र दुर्घटनाको केसमा पनि बढि रगतको माग हुन्छ, अभाव नहोस् भन्दै सतर्कताका लागि रगत संकलनको काम भइरहेको हुन्छ। दुर्घटना, अधिक रक्तश्राव, प्रसूति व्यथा, मुटु मस्तिष्कलगायत शल्यक्रियामा रगत जरुरत पर्छ । त्यसैगरी थालासेमिया, ल्युकेमियालगायतका रक्त क्यान्सर, हेमोफिलिया तथा रक्तअल्पता जस्ता रगतका समस्यामा पनि तारन्तार रगत जरुरत पर्छ । सीमित स्रोत साधनले रगत व्यवस्थापन गरिरहेको रेडक्रस रुपन्देहीले जनाएको छ। रगत संकलनमा चुनौती भए पनि आपूर्तिमा हरसम्भव प्रयास गरिरहेको उसको दाबी छ।

शरीरका कोषहरुमा ग्लुकोज, एमिनो एसिडलगायतका पोषक तत्वहरुसँगै अक्सिजनलगायतका आवश्यक पदार्थहरु पुऱ्याउने काम गर्दछ।

» बाँकी ३ पेजमा

## माधवबाट सन्तुष्ट हुन सकिएन : खनाल



बुटवल। नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले कसैले माग्दैमा आफूले राजीनामा नदिने बताएका छन्।

शनिबार काठमाडौंमा सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले यस्तो बताएका हुन्। शुक्रबार मात्रै पार्टी अध्यक्ष माधवकुमार नेपालले खनाललाई पार्टीबाट बिदा हुन सुझाव दिएका थिए।

तर, नेता खनालले भने कसैले राजीनामा दे भन्दैमा खुरुक्क राजीनामा दिएर नहिँड्ने बताए।

उनले भने-'यो पार्टीबाट भाग्ने, राजीनामा दिएर हिँड्ने त म कल्पना नै गर्दिनँ । मलाई कसैले राजीनामा दे भन्दैमा म खुरुक्क राजीनामा दिएर हिँड्दिन।'

उनले अध्यक्ष नेपालसँग ०३२ सालदेखिको सहकार्य भएको भन्दै उनले माधव नेपालबाट सन्तुष्ट हुन नसकिएको पनि बताए। उनले पार्टीमा आफूहरूबिच झगडा नभएको पनि बताए।

## एमालेलाई कमजोर बनाउने प्रयास भइरहेको छ : गिरी



बुटवल। लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लिला गिरीले मुलुकमा अस्थिरता निम्त्याउनका लागि एमालेमाथि चौतर्फी आक्रमण भएको बताउँदै त्यसको डटेर सामना गर्न नेता कार्यकर्ताहरुलाई आह्वान गरेका छन् । एमालेलाई खण्डित पार्ने र कमजोर बनाउने गतिविधिहरुप्रति सचेत रहन उनले आग्रह गरे।

लोकतान्त्रिक आदिवासी जनजाति महासंघ रुपन्देहीको शनिबार बुटवलमा आयोजित दोस्रो जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै गिरीले एमालेको नेतृत्वमा भएका जनपक्षीय कामहरुबाट अस्थिरतावादीहरु अत्तालिएका कारण चलखेल हुन थालेको उल्लेख गरे । एमाले पोलिटव्यूरो सदस्य समेत रहेका गिरीले पार्टीलाई कमजोर बनाउनकै लागि वर्तमान अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै पार्टीबाट अलगत राख्नुपर्छ भन्ने गलत मान्यतासहित विवाद सिर्जना गराउन खोजिएको बताए। एमालेलाई कमजोर पार्नकै लागि नेतृत्वका विषयमा विवाद सिर्जना गराउन खोजिए पनि त्यो सम्भव नभएको उनले उल्लेख गरे।

मुलुकमा भएका विभिन्न राजनीतिक आन्दोलनहरुसँगै सबै जाति, धर्म तथा समाजका व्यक्तिलाई समान अधिकार हुनुपर्छ भन्ने मान्यताकासाथ एमाले अघि बढेको जानकारी उनले गराए। मुलुकमा कुनै एक जाति विशेष संगठन वा पार्टी निर्माण गर्ने कुरालाई जनताले अस्विकार गर्ने बताउँदै उनले सबै जात-जाति, भाषा, धर्म र परम्पराको सम्मान गर्दै समान पहुँच र सहभागिताको पक्षमा एमाले रहेको उल्लेख गरे।

कार्यक्रममा बोल्दै लोकतान्त्रिक आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष पासाङ सेर्पाले आदिवासी जनजातिहरुको अधिकार स्थापित गर्नका लागि एमालेले महत्वपूर्ण भूमिका खेल्दै आएको स्मरण गराए । कार्यक्रममा नेकपा एमाले केन्द्रीय अनुशासन आयोग सदस्य तथा लुम्बिनी प्रदेशसभा सदस्य तुलसीप्रसाद चौधरी, एमाले लुम्बिनी प्रदेश उपाध्यक्ष तथा संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ, लोकतान्त्रिक आदिवासी महासंघका केन्द्रीय उपाध्यक्ष ज्ञानेन्द्र पुन, सचिव हिरु राना लगायतले बोल्दै संठनलाई थप सदृढ बनाउँदै पार्टीको मार्गनिर्देशन अनुसार गतिशिल रहने आग्रह गरे। संगठनका रुपन्देही अध्यक्ष पदम थापाका अनुसार आगामी दुई वर्षका लागि नयाँ नेतृत्व चयन गर्दै दोस्रो अधिवेशन सम्पन्न हुनेछ।

## विद्युत् चुहावट बढ्दा १२ अर्ब बढी नोक्सानी

बुटवल । विगत १० वर्षदेखि विद्युत् चुहावटको दर घटाउँदै गएको नेपाल विद्युत प्राधिकरणको तथ्यांकमा यसपालि भने बढेको छ।

अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षमा वितरणतर्फको चुहावट १.१७ प्रतिशत विन्दुले बढेको देखिएको छ।

प्राधिकरण स्रोतका अनुसार, आर्थिक वर्ष २०८०/८१ मा वितरण विद्युत चुहावट ९.५९ प्रतिशत थियो । २०८१/८२ मा चुहावट बढेर १०.७६ प्रतिशत पुगेको छ । १० वर्षअघि अर्थात् २०७२/७३ मा १९.८० प्रतिशत चुहावट थियो। १० वर्षको बिचमा आधाभन्दा कममा सीमित भएको चुहावट फेरि बढ्न पुगेको हो।

प्राधिकरणका प्रादेशिक कार्यालयहरूले ग्राहक तथा वितरण सेवा निर्देशनालयमा पठाएको तथ्यांक एकै ठाउँमा राखेर हेर्दा, गएको एक वर्षमा प्राधिकरणको वितरण प्रणालीमा १२ अर्ब ६४ करोड युनिट बिजुली प्राप्त भएको देखिएको छ। त्यसमध्ये ११ अर्ब २८ करोड युनिट बिक्री भएको छ। एक अर्ब ३६ करोड युनिट चुहावट हुन पुगेको छ।

औसत महसुल दरमा हिसाब गर्दा १२ अर्ब रुपैयाँभन्दा बढीको नोक्सानी वितरणतर्फको चुहावटबाटै व्यहोरेको पाइएको छ । अघिल्लो वर्षको औसत महसुल दर ९.७४ रुपैयाँ प्रतियुनिट थियो।

प्राधिकरणले आउँदो भदौ १ गते ४०औँ वार्षिकोत्सव मनाउँदै छ। उक्त अवसरमा उपलब्धिहरूको फेहरिस्त प्रस्तुत गर्न प्रतिवेदनको तयारी हुँदैछ।

» बाँकी ३ पेजमा

## मन्त्रीलाई आफ्नो तलब आफैं तोक्ने अधिकार



बुटवल । प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो तलब आफैं तोक्ने अधिकार पाएका छन् । संघीय संसद्ले प्रचलित ऐनलाई संशोधन गरेर प्रधानमन्त्री र मन्त्रीहरूको तलब तोक्ने अधिकार मन्त्रिपरिषद्लाई दिएको हो।

संघीय संसद्बाट पारित भएर गएको 'केही नेपाल ऐन संशोधन विधेयक' राष्ट्रपति रामचन्द्र पौडेलले यही साउन १४ गते प्रमाणीकरण गरेका छन् । विधेयक प्रमाणीकरण भएसँगै प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०४९ मा संशोधन भएको छ। जसले प्रधानमन्त्री र मन्त्रीहरूको तलब तोक्ने अधिकार मन्त्रिपरिषद्लाई दिएको छ।

प्रधानमन्त्री र मन्त्रीहरूलाई 'नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको पारिश्रमिक मन्त्रीहरूलाई दिने' प्रावधान संशोधित ऐनमा राखिएको छ । यो विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेकाले अब प्रधानमन्त्री र मन्त्रीहरूको तलबबारे सरकारले जुनसुकै बेला मन्त्रिपरिषद्बाट आवश्यक निर्णय लिन सक्ने बाटो खुलेको छ।

विगतमा ऐन संशोधन नहुँदा सरकारले कार्यसञ्चालन ऐन निर्देशिकामार्फत् प्रधानमन्त्री र मन्त्रीहरुको सेवा, सुविधा र पारिश्रमिक पुनरावलोकनबारे निर्णय गर्दै आएको थियो।

पछिल्लो पटक सरकारले २०७७ साल माघ २२ गते प्रधानमन्त्री र मन्त्रीहरूको तलब र सेवा-सुविधा पुनरावलोकन गरेको थियो । कार्य सञ्चालन निर्देशिका २०७७ आठौं संस्करणमा प्रधानमन्त्रीदेखि मन्त्रीहरूको पारिश्रमिकको व्यवस्था प्रकाशित छ। जो २०७७ साल माघ २२ गते स्वीकृत भएको थियो।

अब संशोधित ऐन अनुसार प्रधानमन्त्री र मन्त्रीहरूले आफूहरूको तलब के कति गर्ने भनेर मन्त्रिपरिषद्मार्फत आफैं नयाँ निर्णय गर्न सक्दछन्।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# कोदो उत्पादन बढाऔँ

भन्सार विभागको तथ्याङ्कअनुसार, गत वर्ष नेपालमा ८५ करोड रुपियाँको कोदो आयात भयो। कोदोको उत्पादन उल्लेख्य बढ्न नसकेको, तर उपभोग बढिरहेकोले माग धान्न अहिले आयात गर्नुपर्ने बाध्यता छ। कुनै बेला गरिबको खाना भनिने कोदो अहिले शहरका होटल र रेष्टुरेण्टमा कोदोका परिकार खानेको संख्या बढ्दो छ।

कृषि मन्त्रालयका अनुसार, नेपालमा दुई लाख ७१ हजार हेक्टरमा खेती भइरहेकोमा बढ्दो युवा जनशक्तिको पलायन र बसाईसराइले कोदो खेती गर्ने क्षेत्रफल हरेक वर्ष घट्दै गइरहेको छ। यद्यपी उत्पादकत्व ३ दशमलव शून्य चार बढेर ३ दशमलव तीन टन प्रतिहेक्टर पुगेको छ । अनुसन्धान गर्ने निकायले धेरै उत्पादन दिने पाँच वटाभन्दा बढी रोगप्रतिरोधी जातको विकास गरेर किसानलाई कोदो खेती गर्नका लागि प्रेरित गरेकाले उत्पादकत्व केही बढेको देखिन्छ।

एक पोषणयुक्त र रोगप्रतिरोधी अन्न कोदो जलवायु अनुकुलित बाली पनि हो । सुख्खा र अल्प वर्षा हुने तथा उर्भराशक्ति कम भएको जग्गामा यो बालीको खेती गर्न सकिन्छ। नेपालको मध्यपहाडी जिल्लामा कोदो उत्पादन गर्न सकिन्छ । गण्डकी र लुम्बिनीका पहाडी जिल्लामा कोदो खेती राम्रो हुँदै आएको छ। कोदोमा ११ प्रतिशत प्रोटिन पाइन्छ, जुन चामलमा भन्दा तीन गुणा हो । फाइबर, खनिज क्याल्सियम, फलाम, म्याग्नेसियम जस्ता पोषणले भरिपूर्ण कोदोमा मधुमेह नियन्त्रण, मोटोपन घटाउने, घाउ चाँडो निको पार्ने जस्ता गुणहरू रहेका हुन्छन्। संसारमा सबैभन्दा धेरै कोदो उत्पादन गर्ने मुलुक भारत हो । यस हिसाबले नेपाल १३औँ स्थानमा पर्छ। वार्षिक १७ मिलियन टन कोदो उत्पादन गर्ने भारतले विश्वव्यापी रूपमा कुल क्षेत्रफलको ४० र उत्पादनको २० प्रतिशत कोदो उत्पादन गर्ने गर्छ । सन् २०२१ मा भएको संयुक्त राष्ट्रसङ्घको ७५औँ सभाले 'खाद्य पोषण सुरक्षा वातावरण तथा ग्रामीण रूपान्तरणमा कोदोजन्य बाली' भन्ने नारासहित सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष घोषणा गरेको थियो। नेपालले पनि सन् २०२३ को जनवरी १ तारिखका दिन कोदोजन्य बाली वर्षको शुभारम्भ गरेको थियो।

कोदोबारे भइरहेका बहस र पैरवीले अहिले कोदो दिवस मनाउन थालिएको छ। साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवस मनाईयो । कोदोको व्यवसायिक खेतीमा आकर्षित गर्न कोदो दिवस केन्द्रित हुनुपर्छ । तर दिवस केबल औपचारिकताका लागि केन्द्रित भए भने मनाउनुको अर्थ हुँदैन । कोदो खेती राम्रो हुने जिल्ला र पालिकामा मिशन र पकेट क्षेत्र कार्यक्रम चलाएर किसानलाई कोदो खेतीमा आकर्षित गर्न सकिन्छ । कोदो खेतीमा किसानलाई आकर्षित गर्न तहगत सरकारबिच समन्वयात्मक ढंगले अघि बढ्न आवश्यक छ।

# छाउगोठमा मृत्यु : सर्पदंश कि संस्कारदंश



सञ्जीव कार्की



कञ्चनपुरकी २८ वर्षीय युवती कमला आउजीको असार २८ गते सर्पदंशको कारण छाउगोठमा मृत्यु भयो । मृत्युको समाचार प्रायः मिडियाको कभरेजभित्र पऱ्यो। केही दिनअघिको यो समाचारले अन्धविश्वासको स्तर र नारीमाथिको प्रताडना स्पष्ट हुन्छ। यो समाचार नभएर नेपाली समाज र सभ्यताको ऐना थियो; जहाँ हामी आँखा चिम्लेर आफ्नो 'संस्कार' जोगाउने बहानामा नारीलाई बलिवेदीमा होमिरहेका छौँ। अझ पनि हामी 'छाउ बसेर शुद्ध हुन्छ' भन्ने भ्रमको ढोका अघिल्तिर दण्डवत् गरिरहेका छौँ । अनेकौँ ज्यादतीमा हाम्रा छोरी चेलीमाथि बर्बर आतङ्क मच्चाइरहेका छौँ । छाउगोठमा नारी कहिले बाघ भालुको आक्रमणमा परेकी छन् भने कहिले सर्पदंशबाट मृत्यु वरण गर्न बाध्य छन्। कहिले मान्छे रूपी राक्षसबाट बलात्कारको सिकार हुनु परेको छ। छाउगोठको ढोकाबाट एक/एक गरेर हाम्रा छोरी मृत्युको मुखमा पुगिरहेका छन्। समाज र संस्कारको विषाक्त विषले कतिन्जेल छोरीहरू मरिरहनुपर्ने हो ? हामीलाई लाज लाग्नु पर्छ, हाम्रो अज्ञानतामा गर्व गर्ने प्रवृत्ति र नारीलाई दोस्रो दर्जाको मानिस ठान्ने मानसिकताप्रति। त्यो सर्पले युवतीलाई होइन, हाम्रो 'सांस्कृतिक अन्धो आँखालाई' डसेको हो । हाम्रो विवेकलाई चुसेको हो, जुन विवेक दृष्टिविहीनताको सिकार भएको छ। आममान्छेको विवेकहीनताको सिकार निर्दोष र निरपराध आमा दिदी काटिन परिरहने ?

हाम्रो सांस्कृतिक विश्वासले नारीको पीडा बुझ्न सक्दैन। नारी पीडालाई आफ्नो पीडा ठान्न सक्दैन। त्यो सर्पले एउटा युवतीको जीवन मात्र लिएन, उसले कानुनको प्रभावहीनता, समाजको असंवेदनशीलता र राज्यको असफलता उजागर गरिदियो । एउटी छोरी आफ्नो शरीरको मासिक चक्रको प्राकृतिक प्रक्रिया पूरा गरिरहँदा अपराधी, अशुद्ध र अपवित्र बन्नुपर्ने ? यो केवल सर्पदंशबाट भएको मृत्यु होइन। यो समाज, परम्परा र राज्यको बेवास्ताले संयुक्त रूपमा गरेको योजनाबद्ध हत्या जस्तै हो । यस्तो मृत्युले हामी सबैको विवेकमाथि प्रश्न उठाएको छ । के हामी साँच्चै मानवीय सभ्यतामा बाँचिरहेका छौँ ? हाम्रो चेत किन खुल्दैन अझै पनि ? राज्यले बनाएका नियम कानुनको किन धज्जी उडाएर अकाल र अकारण मर्न बाध्य छन् हाम्रा चेलीहरू ?

छाउ अर्थात् मासिक धर्म हुँदा पर बस्नु एकान्तमा बस्नु, बिनास्याहारसुसार बस्नु हुँदै होइन। यतिबेला समूहमा बस्ने, स्वास्थ्यबर्धक पोषणयुक्त खाना खाने आराम गर्ने समय हो। सृष्टिको अनुपम वरदानलाई घृणा अपमान छोइछिटो र सामजिक रूपमा वर्जित बनाइनु धार्मिक रूपमा पाप र कानुनी रूपमा अपराध हो। राज्यको कानुन र नियमविपरीत काम हो।

**महिनावारी : प्रकृतिको अनुपम देन**

महिनावारी कुनै 'दोष' होइन, यो त सृष्टिको एक पवित्र चक्र हो । छाउ हुनु भनेको महिला तथा किशोरीहरू सन्तान उत्पादनका लागि योग्य भएको सङ्केत पनि हो । यही चक्रले मान्छे पैदा हुन्छन्, यही चक्रले जीवनलाई निरन्तरता दिन्छ। नारीको यो जैविक प्रक्रिया बन्द भयो भने संसारमै जीवनको स्रोत सुक्छ र सकिन्छ । महिलामाथि विभेद र ज्यानै जोखिममा पारिने कुप्रथाविरुद्ध कानुनी प्रबन्ध नभएको पनि होइन। मुलुकी अपराध (संहिता) ऐनको दफा १६८(३) मा रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्ने वा अन्य भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गरेको ठहरे तीन महिनासम्म कैद वा तीन हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। संविधानले नै महिलाको मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकको ग्यारेन्टीसमेत गरेको छ। यद्यपि मातृत्व र प्रजनन प्रक्रियाको अनन्य पक्षलाई हामी अपवित्र अशुद्ध र अपहेलित गरेर छाउगोठमा मृत्यु वरण गर्न बाध्य पार्छौं । विश्वका धेरै सभ्यताले जस्तै : आदिवासी ज्ञान, वैदिक साहित्य र आधुनिक विज्ञान सबैले महिनावारीलाई सम्मानजनक दृष्टिले हेरेका छन् । यौवनको सङ्केत, मातृत्वको पूर्वाधार र जीवनको पुनरावृत्तिको चिह्नका रूपमा महिनावारीले नारीको शरीरमा चमत्कारी शक्ति झल्काउँछ। यो कस्तो विडम्बना ! जहाँ प्रकृतिले नारीलाई जीवनको मूल केन्द्र बनाएको छ, उही समाजले उनलाई गोठमा थुनेर मृत्युको मुखमा पुग्ने वातावरण बनाउँछ।

**छाउप्रथा : संस्कार होइन, संकीर्णता**

कतिपयले 'छाउ बस्ने चलन' लाई संस्कृति भन्छन्। के संस्कृति त्यो हो, जसले छोरीलाई मार्न उक्साउँछ ? पक्कै उक्साउँदैन र मिल्दैन। संस्कार, संस्कृति र अन्धविश्वासबिच ठुलो भिन्नता छ। संस्कार र संस्कृति चेतना प्रधान, वैज्ञानिक र सहज हुनु पर्छ, जसले समता फैलाउन र बढाउन मद्दत गर्छ। छाउप्रथा जस्तो अभ्यासले त अपमान गर्छ, विभेद फैलाउँछ, अनाहक र अनाधिकृत रूपमा महिलाको जीवन सकसमा पार्छ र सकाउँछ । के अब पनि हामी यस्ता अभ्यासलाई 'चालचलन' को नाममा जोगाइरहन सक्छौँ ? अवश्य सक्दैनौँ । अब यस कुप्रथाको जरो निमोट्न आवश्यक छ। त्यो जरो भौतिक छाउगोठ भत्काएर पुग्दैन हाम्रो मानसिक छाउगोठ भत्काउनु पर्छ। मानसिक छाउगोठ र छाउप्रतिको गलत धरणा भत्काउन सकियो भने भौतिक छाउगोठहरू आफैँ मक्किएर भत्कने छन्।

**छाउपडीसम्बन्धी कानुनमा के छ ?**

सर्वोच्च अदालतले २०६२ सालमा एउटा मुद्दामा सरकारका नाममा यो छाउपडी प्रथा महिलामाथि हुने हिंसा तथा विभेदमध्येको एक भएकाले यसलाई निषेध गर्न छुट्टै कानुन निर्माण गर्ने परमादेश जारी गरिसकेपछि कानुनी रूपमा छाउपडीलाई दण्डनीय मान्न थालिएको हो । नेपाल सरकारले २०६४ सालमा छाउपडी उन्मूलन निर्देशिका जारी गरी छाउपडी प्रथालाई कुरितिजन्य प्रथा मानेको पनि भिन्नै कानुन बनाई छाउपडी प्रथालाई निषेधित गरेको थिएन । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १० मा भेदभाव र अपमानजनक व्यवहारसम्बन्धी कसुर शीर्षकको दफा १६८ उपदफा (३) मा महिलाको रजस्वला र सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमको भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनिएको छ । यस्तो कार्य गरेको ठहरिएमा तीन महिनासम्म कैद वा तीन हजारसम्म जरिबाना हुन सक्ने व्यवस्था यस ऐनमा गरिएको छ । साथै यस्तो व्यवहार सार्वजनिक ओहदाको व्यक्तिले गरेको ठहरिएमा अन्य व्यक्तिलाई हुने तीन महिना कैद थप तीन महिना कैद हुने व्यवस्था गरिएको छ। सोहीको दफा १६९ मा यस्तो कसुर गर्ने व्यक्तिबाट पीडितलाई पुगेको क्षति र पीडावापत मनासिव क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था रहेको छ। तथापि आमव्यवहारमा छाउपडी र मासिक धर्मको बेला महिलामाथि संस्कृतिको नाममा ज्यादती रहेको छ र जसको सिकार महिला कहिले बाघको आक्रमणमा पर्छन् त कहिले सर्पदंशको कारण मारिन्छन् । यस पटक कमलाको मृत्यु कुनै समाचार होइन, यो अन्तिम चेतावनी हो । यस पटकको मृत्यु कुनै समाचार होइन, यो अन्तिम चेतावनी हो। अब पनि हामी मौन बस्यौँ भने, इतिहासले हामीलाई अपराधी भन्ने छ।

**अब के गर्ने ?**

कानुनको कडाइका साथ कार्यान्वयन

छाउपडी प्रथा अपराध हो भन्ने सन्देश स्पष्ट रूपमा पुऱ्याउँदै स्थानीय तहमा प्रहरी, जनप्रतिनिधि र न्यायिक समिति सक्रिय रूपमा निगरानीमा लगाउनु पर्छ । दोषीलाई सजाय दिँदा मात्र डर र चेतना फैलन्छ। अब समय आयो छोरीलाई गोठबाट घरमा ल्याउने । छोरीलाई डर होइन, सम्मान दिने । महिनावारीलाई लाज होइन, गर्वको कुरा बनाउने । छाउलाई शुद्धता र शक्तिको चिह्न मानेर, गोठ होइन, गरिमाको स्थान दिने।

**स्थानीय स्तरीय जनचेतना अभियान**

गाउँ गाउँमा महिला समूह, शिक्षक, स्वास्थ्यकर्मी, युवालाई संलग्न गराई छाउपडीको अन्धविश्वासविरुद्ध निरन्तर संवाद, नाटक, भिडियो, रेडियो कार्यक्रम र स्कुलस्तरीय शिक्षामार्फत चेतना फैलाउनु पर्छ।

**मासिक धर्ममैत्री संरचनाको विकास**

महिलालाई शौचालय, पानी, सेनिटरी प्याड, आराम गर्ने ठाउँको पहुँच सहज बनाउनु अत्यावश्यक छ। विद्यालय र घरमा सुरक्षित, सफा र गोप्य स्थान उपलब्ध गराउनु पर्छ।

**धार्मिक र सांस्कृतिक मिथकको समीक्षा र खण्डन**

'छाउपडी पाप हो' भन्ने धार्मिक अन्धविश्वास चिर्न धार्मिक अगुवा, बुद्धिजीवि, र संस्कृतिविद्को सहकार्यमा तथ्यपरक बहस आवश्यक छ।

**महिला नेतृत्वलाई सशक्त बनाउँदै पीडितको संरक्षण**

छाउपडीबाट पीडित महिलालाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्ने संयन्त्र बनाउनु पर्छ । महिला नेतृत्वलाई समुदाय परिवर्तनको अगुवा बनाउँदै उनीहरूको आवाजलाई कानुनी र सामाजिक समर्थन दिनु पर्छ।

**मनोवैज्ञानिक परामर्श**

हरेक घर गाउँ टोलमा मनोवैज्ञानिक उपचार पद्धतिद्वारा छाउ, बोक्सी छुवाछुत जस्ता कुरीतिजन्य अन्धविश्वास विरुद्ध मनोपरामार्शदाताद्वारा सम्झाउने बुझाउने र मस्तिष्कको संरचनागत सुधारको विशेष पहल गर्ने।

**निष्कर्ष**

महिनावारी या मासिक धर्म हरेक प्रजनन् सामान्य फिजियोलोजी हो। कुनै पनि महिला आमा बन्न शारीरिक रूपमा सक्षम छन् भन्ने आधार हो, महिनावारी नकि जीवनकै अभिशाप। यो प्राकृतिक वरदान हो, कसैको छनोट रहर र बाध्यता होइन। यसलाई ठुलो र जटिल बनाएर हेर्नु जरुरी छैन। महिनावारीलाई निकृष्ट सोचेर छुट्टै राख्नु पर्दैन। विगत र परम्पराबाट राम्रा विज्ञानसम्मत र चरित्र बनाउने कुरा सिक्ने हो यस्ता अवैज्ञानिक मान्यता, महिनावारीको छोइछिटो, दलित भनेर भेदभाव, छुवाछुत, बोक्सी आदि जस्ता समाजका कलङ्क अन्धविश्वास, कुरीति र घिनलाग्दा अमर्यादालाई यथाशक्य मृत घोषणा गरेर अन्त्यस्टि गर्न ढिला गर्नु मानव हित प्रतिकूल हुन्छन्। हाम्री आमा महिनावारी हुँदैनथिन भने हाम्रो अस्तित्व पृथ्वीमा जीवित हुँदैनथ्यो । हरेक नारीभित्र रहेको शारीरिक प्रक्रियालाई सम्मान गरौँ, शारीरिक जटिलता पैदा हुने संवेदनशील घडीमा अर्थात् नछुने भएको बेला महिलालाई यथोचित हेरचाह, सम्मान र मर्यादा गरौँ नारी अस्मिताको रक्षा सम्मान र स्नेहले मानव जीवन अरू श्रेयस्कर र सभ्य हुने छ । सुरक्षित र मर्यादित महिनावारी नै आजको मानवोचित व्यवहार नै वैज्ञानिक र आधुनिक पद्धति र जीवन शैली हो । गोपबाट

# प्रोस्टेट ग्रन्थी बढ्ने समस्या के हो ?

डा. वेश अन्सारी

**प्रोस्टेट ग्रन्थी के हो ?**

प्रोस्टेट ग्रन्थी पुरुष प्रजनन् प्रणालीअन्तर्गत पर्ने एउटा महत्वपूर्ण अंग हो, जुन केवल पुरुषहरूमा मात्र पाइन्छ। यो मूत्राशयको ठीक तल र मूत्रनलीको सुरुवातमा अवस्थित हुन्छ, र मूत्रनलीलाई घेरेर बसेको हुन्छ।

**प्रोस्टेट ग्रन्थीको काम**

साधारणतया, प्रोस्टेटको आकार एउटा अखरोट जत्रो हुन्छ। यसको मुख्य काम वीर्य उत्पादनमा आवश्यक तरल पदार्थ बनाउनु हो, जसले शुक्राणुलाई जीवित राख्न र सक्रिय बनाइराख्न मद्दत गर्छ।

**मुख्य कार्यहरू:**

- वीर्य उत्पादनमा सहयोग
- शुक्राणुको सुरक्षा र पोषण
- वीर्यलाई मूत्रनली हुँदै बाहिर निकाल्न सहयोग

प्रोस्टेटसम्बन्धी सामान्य समस्याहरू

१. प्रोस्टेट ग्रन्थीको वृद्धि

उमेरसँगै प्रोस्टेटको आकार बढ्न सक्छ । यसले मूत्रनलीमा दबाब दिई पिसाब गर्न गाह्रो पार्न सक्छ।

२. प्रोस्टेट संक्रमण

प्रोस्टेट ग्रन्थीमा संक्रमण हुँदा दुखाइ, ज्वरो, र पिसाब गर्दा जलन हुने जस्ता लक्षण देखिन्छन्।

३. प्रोस्टेट क्यान्सर

प्रोस्टेट ग्रन्थीमा हुने एक प्रकारको घातक क्यान्सर हो। सुरुवाती चरणमा खासै लक्षण नदेखिन सक्छ, त्यसैले समयमै स्वास्थ्य परीक्षण गर्नु आवश्यक हुन्छ।

**प्रोस्टेट स्वास्थ्य परीक्षणका उपायहरू**

- पीएसए टेस्टः रगतमा प्रोस्टेट सम्बन्धी प्रोटिनको स्तर जाँचिन्छ।
- डिजिटल रेक्टल एक्जामिनेसनः डाक्टरले औँलाको सहायताले गुद्द्वार हुँदै प्रोस्टेटको आकार र बनावट जाँच गर्छन्।

**इनलार्ज्ड प्रोस्टेट के हो ?**

इनलार्ज्ड प्रोस्टेट भनेको उमेरसँगै प्रोस्टेट ग्रन्थीको आकार बढ्नु हो। यो समस्या प्रायः ५० वर्ष भन्दा माथिका पुरुषहरूमा देखिन्छ।

**मुख्य लक्षणहरू:**

- पिसाब गर्न गाह्रो हुने
- बारम्बार पिसाब लाग्ने
- पिसाब राम्रोसँग ननिस्कने
- राति पटक-पटक उठेर पिसाब गर्नुपर्ने

**इनलार्ज्ड प्रोस्टेटको उपचार विकल्पहरू**



१. औषधि उपचार

प्रोस्टेटको आकार घटाउने वा मूत्र प्रवाह सहज बनाउने औषधिहरू प्रयोग गरिन्छ।

२. जीवनशैलीमा परिवर्तन

- कफी, चिया, मदिरा र धेरै पानी रातिको समयमा कम सेवन गर्ने
- एकैचोटि पिसाब पूरा गरिसकेर उठ्ने बानी बसाल्ने
- पिसाब रोक्ने बानी नबसाल्ने
- नियमित व्यायाम र तौल नियन्त्रणमा राख्ने

३. शल्यक्रिया वा अन्य उपचार विधिहरू

- सामान्य सर्जरी
- नन-सर्जिकल प्रविधिहरू
- प्रोस्टेटिक स्टन्ट जडान

**कहिले डाक्टरसँग सम्पर्क गर्ने ?**

- पिसाब रोकिएर पेट दुख्न थालेमा
- पिसाबमा रगत देखिएमा
- अत्यधिक थकान, वाकवाकी वा ज्वरो आउँदा
- औषधिले काम नगरेको अवस्थामा

प्रोस्टेट ग्रन्थी पुरुष स्वास्थ्यको महत्वपूर्ण अंग हो। उमेरसँगै यसमा समस्या आउनु स्वाभाविक भए पनि समयमै परीक्षण र उपचार गरिएमा गम्भीर समस्या हुन दिइन सक्छ।

इनलार्ज्ड प्रोस्टेटका लागि औषधि, जीवनशैली परिवर्तनदेखि शल्यक्रिया सम्मका उपचार विकल्पहरू उपलब्ध छन् । कुन उपचार उपयुक्त हुन्छ भन्ने निर्णय बिरामीको उमेर, लक्षणको गम्भीरता र सम्पूर्ण स्वास्थ्य अवस्थाका आधारमा चिकित्सकले गर्छन्।

*(डा.अन्सारी नेपाल मेडिकल कलेजका कन्सल्टेन्ट युरोलोजिस्ट तथा किड्नी ट्रान्सप्लान्ट सर्जन हुन्।)*

डिभिजन वन कार्यालय स्याङ्जाको एक वर्ष

# राजस्व संकलन थोरै, खर्च प्रगति सन्तोषजनक

**प्रकाश डोटेल**
*स्याङ्जा*

डिभिजन वन कार्यालय स्याङ्जाले गएको आर्थिक वर्ष २०८१/०८२ मा १ करोडभन्दा बढी राजस्व संकलन गरेको छ। निजी तथा सरकारी वनको काष्ठजन्य पैदावारको बिक्री वितरणबाट वन कार्यालयले १ करोड १४ लाख ९० हजार ७०४ रुपैयाँ राजस्व संकलन भएको हो।

कार्यालयले निजी तथा आवादी वनको १ लाख २५ हजार ३९० दशमलव ४४ क्यूफिट काठ र ९८ चट्टा दाउरा बिक्री गरेर १ करोड १३ लाख ८५ हजार ३०४ रुपैयाँ र सामुदायिक वनतर्फको ५ सय ८६ दशमलव ८४ क्यूफिट खयर जातको काठ बिक्री गरेर १ लाख ५ हजार ४ सयगरी कुल १ करोड १४ लाख ९० हजार ७०४ रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ।

यस अवधिमा वन्यजन्तुको आक्रमणबाट २ सय ९ वटा घटना घटेका छन्। कार्यालयले दिएको जानकारी अनुसार वन्यजन्तुको आक्रमणमा परेर २ सय ५३ पशुधनमा क्षति पुगेको छ भने मानवीय क्षतिमा एक जना मानिस घाइते भएका छन्।

वन्यजन्तुको आक्रमणबाट पशुधनमा पुगेको क्षतिलाई राहत स्वरुप रकम प्रदान गरिएको डिभिजनल वन अधिकृत नवराज बरालले बताए।

'पशुधन क्षति भएका धनीलाई १४ लाख १४ हजार क्षतिपूर्ति स्वरुप रकम उपलब्ध प्रदान गरेका छौं,' अधिकृत बरालले भने-'यस अवधिमा रतुवा, चितुवा, पंक्षी, मृग र सर्प गरी १५ वटा वन्यजन्तुको उद्दार समेत गरिएको छ।'

पुँजीगत कुल बजेट १ करोड ५६ लाख ८६ हजारमा कार्यालयले १ करोड ३४ लाख ६२ हजार खर्च गरेको छ भने चालु खर्चतर्फ ३९ लाख ७० हजार विनियोजित बजेटमा ३० लाख ४२ हजार खर्च गरेको जनाएको छ। पुँजीगत खर्चमा वित्तीय प्रगति ८६ प्रतिशत छ भने चालुतर्फको ७६ दशमलव ६२ प्रतिशत खर्च भएको अधिकृत बरालले जानकारी दिए।

गएको वर्षमा वन कार्यालयले फेदीखोला ४ को कुचेको मुहान, पुतलीबजार १३ को सालघारी र अर्जुनचौपारी २ को बयरा सामुदायिक वनमा 'रिचार्ज' पोखरी निर्माण गरेको छ। पोखरी निर्माणले सुख्खा मौसममा आपतकालिन समस्या समाधानका लागि सहज हुने कार्यालयको भनाइ छ।

सोही अवधिमा डिभिजन कार्यालयले अर्जुनचौपारी १ को गडेरीखोला, वालिङ ५ को सल्लाघारी, भीरकोट ६ मा सुन्दरचौर, पुतलीबजार ११ को घुमाउने चौतारी, भीरकोट ४ मा आँधीखोलामा पार्क निर्माण गरिएको वन अधिकृत सूचना अधिकारी रुक्मागत सुवेदीले बताए। अर्जुनचौपारी ४ को लांकुरी आधारभूत विद्यालय, भीरकोट ७ को खिलुङ् कालिका मन्दिर, पुतलीबजार ४ को स्याङ्जा भ्यू प्वाईन्ट, र वालिङ १ को बेलपोखरी थुम्कामा हरित पार्क तथा उद्यान निर्माण गरेको सुवेदीले जनाए।

कार्यालयले चापाकोट नगरपालिका ९ मा सुन्तलीटार बगैंचा चौतारो निर्माण, फेदीखोला गाउँपालिका ४ को खरिडाँडा छिरुवापानी सामुदायिक वनको अतिक्रमित जग्गामा घेराबार गरेको छ। यस वर्षमा अतिक्रमित जग्गाको व्यापक खोजी र व्यवस्थापन गरेको कार्यालयले जनाएको छ।

जडीबुटी तथा वन पैदावारको पहिचानमा जिल्लामा उपलब्ध जडीबुटीको नमूना प्रदर्शनी गरेको कार्यालयले आँधीखोला गाउँपालिका १ पञ्चमूल जडीबुटी समूहमा ३ हजार टिमुरका बिरुवा रोपण गरेको छ। अर्जुनचौपारी गाउँपालिका ४ रापाकोट, भीरकोट ४ को दबुङ र पुतलीबजार नगरपालिका ७ को मोहरियामा ४ हजार ६५० टिमुरका बिरुवा रोपण गरिएको जनाइएको छ।

गएकै वर्ष वन पैदावारको अवैध पैठारीमा ४ मुद्दामा ट्याक्टर, बोलेरो जीप समेत २२ जनालाई नियन्त्रणमा लिएर कानुनी कारबाही गरिएको छ। उनीबाट ४ सय ८२ क्यूफिट साल, १३ सय ९२ क्यूफिट सल्ला, ५१ क्यूफिट समीर अस्ना २९ क्यूफिट काठ पक्राउ परेको वन अधिकृत अमरबहादुर पराजुलीले बताए। वन्यजन्तुको अवैध कारोबारमा १ मुद्दामा मृत रतुवा मृगसहित पक्राउ परेका २ जनालाई कारबाही गरेको पराजुलीले जानकारी दिए।

कार्यालयले शर्सत अनुदानमा कल्कीफुल, धुपी, गोलमोहर, पारिजात र कपुर प्रजातिका १४ हजार ७ सय बहुवर्षीय बिरुवा उत्पादन गरेको छ।

अनुदानको बजेटबाटै टिमुर, अमला, कुरिलो जातका २५ हजार जडीबुटीका बिरुवा उत्पादन गरेको कार्यालयले प्रदेशको कार्यक्रममा निमारो, खयर, पैंयु प्रजातिको २८ हजार ५०९ गरी ६८ हजार २०९ बिरुवा उत्पादन गरेर मागका आधारमा जिल्लाभर वितरण गरेको जनाएको छ।

वार्षिक कार्यक्रमअनुसार २ वटा नर्सरीको मर्मत, २ सामुदायिक वनमा समिति गठन र कार्ययोजना तयार गरिएको वन अधिकृत अमरबहादुर पराजुलीले बताए।

४४ वटा सामुदायिक वनको कार्ययोजना नविरकण, ५२३ सामुदायिक वनको प्रतिवेदन तयार गरेको कार्यालयले ३ सामुदायिक वन व्यवस्थापन र २० हेक्टरभन्दा कम क्षेत्रफल भएको ११ समूहको संक्षिप्त कार्ययोजना तयार पारेको कार्यालयले आफ्नो प्रतिवेदनमार्फत् जानकारी दिएको छ।

# इन्ट्रयाक्ट क्लबहरूलाई प्रशिक्षण

बुटवल। रोटरी क्लब अफ बुटवलले आफ्नो मातृत्वमा स्थापना गरेको विभिन्न ७ वटा इन्ट्रयाक्ट क्लबको एक साथ पदस्थापन गराएको छ। सो संगै इन्ट्रयाक्ट क्लबमा सहभागीहरुलाई नैतिक शिक्षा र इम्पावर रोटरी युथ लिडरको तालिम समेत प्रदान गरेको छ।

नैतिक शिक्षाको बारेमा स्वामी १००८ लोकानन्द महाराजले प्रदान गरका थिए भने युथ लिडरसिपको बारेमा रोटरीयन राजेन्द्र लम्सालले प्रशिक्षण प्रदान गरेका थिए।

स्वामी १००८ लोकानन्द महाराजले नैतिक शिक्षाले मानव जगतलाई सत्मार्गमा लाग्नका लागि प्रेणा मिल्ने धारणा राखेका थिए। सोही प्रेणाको माध्यमले मानव जीवनलाई वैभवशाली बनाउन मद्दत गर्ने पनि उनले सुनाए। उनले हरेक वस्तुलाई विश्व विद्यालयका रुपमा ग्रहण गर्न विद्यार्थीहरुलाई सुझाए।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाकी नगर उप-प्रमुख सावित्रा अर्यालले रोटरी क्लब अफ बुटवलले अगाडि बढाएका इन्ट्रयाक्ट क्लबमा लाग्नेहरुको नेतृत्व विकासमा महत्वपूर्ण टेवा पुग्ने धारणा राखिन्। उनले बुटवल उप-महानगरपालिकाले बालबालिकासँग उप-प्रमुख कार्यक्रम अगाडि बढाएको बताउँदै गरिबी र अभावमा रहेका बालबालिकाहरुसँग पुग्न इन्ट्रयाक्ट क्लबमा लाग्नेहरुले सहयोग गर्न पनि आह्वान गरिन्।

कार्यक्रमको सुरुमै रोटरी क्लब अफ बुटवलका अध्यक्ष कृष्णप्रसाद पराजुलीले कार्यक्रमको उपादयताबारे प्रकाश पारेका थिए।

अध्यक्ष पराजुलीले आफ्नै क्लबको मातृत्वका रुपमा स्थापना गरिएको इन्ट्रयाक्ट क्लबका विद्यार्थीहरुलाई उनीहरुको नेतृत्व विकास गरी देशका सक्षम कर्णधार बनाउनका लागि यस्ता कार्यक्रम जोड्दै जाने पनि बताए।

संयुक्त पद हस्तान्तरण समारोहमा इन्ट्रयाक्ट क्लब होराईजन, इन्ट्रयाक्ट क्लब दीप, इन्ट्रयाक्ट क्लब अक्सफोड, इन्ट्रयाक्ट क्लब क्यानन, इन्ट्रयाक्ट क्लब पामिर, इन्ट्रयाक्ट क्लब होराईजन जीबीएस र इन्ट्रयाक्ट क्लब अफ बुटवल रहेका थिए।

विशेषगरी १२ देखि १८ वर्ष उम्मेरका विद्यालय र कलेजमा अध्ययनरत विद्याथीहरुलाई इन्ट्रयाक्ट क्लबमा सहभागिता गराइएको रोटरी क्लब अफ बुटवलका सचिव शिवकुमार ज्ञवालीले जानकारी दिए।

कार्यक्रममा रोटरीका पास्ट डिष्ट्रिक गर्भनर राजेन्द्र ध्वजु, रोटरी क्लब अफ बुटवलका निवर्तमान अध्यक्ष प्रज्ज्वल थान्जु, पूर्व अध्यक्षहरु, पदाधिकारी र सदस्यहरुको उल्लेख्य सहभागिता रहेको युथ चियर संयोजक डीआर पन्थीले बताए।

# विद्यार्थीलाई छात्रवृत्ति वितरण




भैरहवा। भास्करानन्द मायाशर्मा अक्षयकोष सिद्धार्थनगर-८, रुपन्देहीले २९ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको हो। संस्थाले शनिबार एक कार्यक्रमकाबिच भैरहवाका ७ वटा सामुदायिक विद्यालयका २९ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको हो।

भास्करानन्द मायाशर्मा अक्षयकोषले प्रत्येक वर्ष सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ। कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीलाई ४ हजार, ६ देखि ८ सम्म अध्ययनरतलाई ६ हजार तथा ९ र १० सम्म अध्ययनरत विद्यार्थीलाई ८ हजार छात्रवृत्ति प्रदान गरिएको अक्षयकोष सञ्चालक समिति सदस्य हरिबहादुर खड्काले बताए।

२०७२ सालमा स्थापना भएको संस्थाले हालसम्म १९८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिसकेको खड्काले जानकारी दिए।

अक्षयकोषमा रहेको रकमबाट प्राप्त ब्याजबाट छात्रवृत्ति प्रदान गरिँदै आएको उनले जनाए।

भानु माध्यमिक विद्यालयमा आयोजित छात्रवृत्ति वितरण कार्यक्रममा बोल्दै रुपन्देही लिलाराम न्यौपाने माध्यमिक विद्यालयका प्रधानाध्यापक रुपकुमार रायमाझीले शिक्षामा लगानी गर्नु पुनित कार्य भएको बताए।

उनले विद्यार्थीहरुलाई पठनपाठनमा सहयोग होस् भन्ने उद्देश्यले भास्करानन्द मायाशर्मा अक्षयकोषले छात्रवृत्ति वितरण गर्दै आएको बताए।

भानु माविका प्रधानाध्यापक मोतीलाल सुवेदीले छात्रवृत्ति रकमको पूर्ण रुपमा सदुपयोग गर्न विद्यार्थी तथा अभिभावकहरुलाई आग्रह गरे। बेलहिया माविका सहायक प्रधानाध्यापक सन्तोषप्रसाद गुप्ताले भास्करानन्द मायाशर्मा अक्षयकोषले विद्यार्थीहरुका लागि सराहनीय कार्य गर्दै आएको उल्लेख गरे।

बेलहिया मावि कक्षा ९ मा अध्ययनरत छात्रा सुहाना कहाँरले छात्रवृत्ति पाउँदा खुसीको अनुभूति भएको बताइन्।

भास्करानन्द मायाशर्मा अक्षयकोषका संस्थापक अध्यक्ष भास्करानन्द शर्मा (बी.एन.)को अध्यक्षता, उपाध्यक्ष रविन्द्र सिंह रानाको स्वागत तथा सदस्य हरिबहादुर खड्काको सञ्चालनमा सम्पन्न कार्यक्रममा अक्षयकोषका सचिव देवीदत्त ज्ञवाली, कोषाध्यक्ष पार्वती काफ्ले, भानु माध्यमिक विद्यालय व्यवस्थापन समितिका सदस्य दिलिपकुमार हरिजनलगायतको उपस्थिति थियो।

# लुम्बिनी कपडा सिलाइ व्यवसायी संघद्वारा तिज मिलन कार्यक्रम

बुटवल। लुम्बिनी कपडा सिलाइ व्यवसायी संघ जिल्ला कार्यसमिति रुपन्देहीको आयोजनामा शनिबार बुटवलमा तिज मिलन कार्यक्रम भव्यरुपमा सम्पन्न भएको छ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले तिज नेपाली महिला दिदीबहिनीहरुको महत्वपूर्ण चाड भएकोले यसलाई समाज सुहाउँदो तरिकाले मनाउनु पर्ने बताए। उनले सिलाई पेशालाई आधुनिकीकरण गर्दै अगाडि लैजानुपर्ने बताउँदै त्यसका लागि पालिकाले सक्दो सहयोग गर्ने जनाए। उनले पालिकाले विभिन्न सीपमूलक तालिम प्रदान गर्दै आएकोले सिलाइ व्यवसायीलाई पनि सीपसँगै रोजगारसँग जोड्न आग्रह गर्दै कुराभन्दा पनि काममा लाग्न आग्रह गरे।

कार्यक्रममा प्रेस सेन्टर नेपालका लुम्बिनी प्रदेश उपाध्यक्ष तथा पत्रकार चिन्ता परियारले तिज पर्वलाई आफ्नो अवस्था हेरेर मनाउन महिला दिदीबहिनीहरुलाई आग्रह गरे। उनले तिजमा पछिल्लो समय खर्चिलो र भड्किलो बन्दै गएकोले समाजमा नकारात्मक असर गर्ने बताउँदै यसलाई मौलिकपना दिन समेत आग्रह गरे।

त्यस्तैगरी सामाजिक अभियान्ता नरेन्द्र दर्जीले तिज पर्व हुने खानेको मात्रै नभई हुँदा खाने वर्ग समुदाय सबैको साझा पर्वको रुपमा मनाउन आग्रह गर्दै शुभकामना व्यक्त गरे।

कार्यक्रममा संस्थाका लुम्बिनी प्रदेश अध्यक्ष राजु बराहाले व्यवसायीको हित र क्षमता अभिवृद्धिका लागि संस्थाले विभिन्न सीपमूलक तालिम प्रदान गर्ने बताए। उनले अबको यात्रा एकजुट भएर अझै सशक्तरुपमा अगाडि बढ्ने बताउँदै महिला दिदिबहिनीहरुको आपसी माया र सद्भावलाई प्रगाढ बनाउन तिज मिलन कार्यक्रम गरिएको बताए।

कार्यक्रममा लुम्बिनी कपडा सिलाइ व्यवसायी संघ रुपन्देहीका अध्यक्ष जनक छिनालले व्यवसायीको हकहितका लागि संस्था अपरिहार्य भएको बताए। उनले तिज पर्व नेपाली नारीहरुको पर्व भएकाले यसलाई राम्रोसँग मनाउन आग्रह गर्दै शुभकामना व्यक्त गरे।

कार्यक्रममा हास्य कलाकार विष्णु जी पाण्डे (माईला बा), लोक तथा दोहोरी गायक एवम् कुशल उद्घोषक नारायण बीपी परियार, सम्झना रणपाल, विष्णु श्रीपाली, कुसुम परियारलगायतले उपस्थित महिला दिदीबहिनीहरुलाई तिजका विभिन्न गीत प्रस्तुत गरी मनोरञ्जन प्रदान गरेका थिए। संस्थाका उपाध्यक्ष धनीकला वीरकट्टा मगरको अध्यक्षता, अर्का उपाध्यक्ष सन्दीप परियारको स्वागत मन्तव्यमा भएको कार्यक्रममा पत्रकार अम्बिका परियारले कार्यक्रम सञ्चालन गरेकी थिइन।

**रुपन्देहीमा...**

रगतले कार्वन डाइक्साइड, यूरिया, ल्याक्टिक एसिड जस्ता काम नलाग्ने तत्वहरुलाई बाहिर निश्कासन गर्न समेत सहयोग गर्दछ। मानिसको कुल वजनको ७ प्रतिशत रगत हुन्छ। रगतको ६० प्रतिशत भाग झोल (प्लाज्मा) हुन्छ। प्लाज्माको ९० प्रतिशत भाग पानी र १० प्रतिशत भाग पोषक तत्व हुन्छ। रगतको बाँकी ४० प्रतिशत भने ठोस पदार्थ (जसमा रातो रक्तकण, श्वेत रक्तकण र प्लेटलेट्स) हुन्छ।

नेपाल रेडक्रस सोसाइटी रुपन्देहीले नागरिकलाई रगतको सहजीकरणका लागि निशुल्क रगतको व्यवस्था गरेका छ। रुपन्देहीका १६ पालिका, गुल्मीका ८ वटा, अर्घाखाचीको ३, पाल्पाको ४, नवलपरासीको १ र कपिलवस्तुको १० वटा पालिकासँग निशुल्क रगत सम्झौता भएको छ। नागरिकले रगत आवश्यकता परेको बेला रक्तसञ्चार केन्द्रमा आएर परिचय पत्रको आधारमा निःशुल्क रगत पाउने गरि सम्झौता भएको छ। यि पालिकाका सेवाग्राहीले रगतको पैसा तिर्नपर्दैन।

गत आर्थिक वर्षमा यि पालिकाहरुबाट १२ हजार ४ सय १४ युनिट रगतको रक्त तत्व जाँचमा लाग्ने सेवा शुल्क रेडक्रसलाई दिएको छ भने १४ हजार १ सय ३१ युनिटको प्रदेश सरकारले निःशुल्क गरेको छ। ११ हजार ४ सय ४८ युनिटको परिक्षण शुल्क भने स शुल्क तिरेर सेवाग्राहीले लिएका छन्।

नेपाल स्वयंसेवी रक्तदाता समाज रुपन्देहीका अध्यक्ष कृष्ण चौहान क्षेत्रीले लामो समयदेखि रक्तदाता बढाउने अभियान चलाउँदै आएका छन्। उनकै सक्रियतामा अहिले सबै भन्दा बढि रगतदान यहाँ भएको छ भने रक्तदाताहरु समेत थपिएका छन। रगतको क्षतिलाई कसरी हुन्छ न्यून गर्दै रक्त सञ्चारले रुपन्देहीमा रगत लिए वापत केहीले निःशुल्क पाउने र केहीले पैसा तिर्नुपर्ने अवस्था छ यसलाई स्रोत व्यवस्थापन गरि एकरुपता दिनका लागि पनि पहल गर्न जरुरी रहेको चौहानले बताए।

**विद्युत्...**

तर, प्राधिकरणको नेतृत्व परिवर्तन भएकै बेला चुहावटको अंक बढेको देखिँदा कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यका लागि टाउको दुःखाइ बनेको छ। निर्देशनालयका एक अधिकारीका अनुसार, चुहावट प्राविधिक र गैरप्राविधिक हुन्छ। प्राविधिकतर्फ हेर्दा 'ट्रिपिङ' (बत्ती जाने-आउने) समस्या, नियमित आपूर्तिमा समस्या आदि कारणले हुन सक्छ। तर, मुख्य कारणचाहिँ केही महिनायता चुहावट र चोरी नियन्त्रणका लागि चालिएका कदम ठप्प प्रायः भएका छन्। उनका अनुसार, कार्यकारी निर्देशक शाक्यले चुहावट बढेको तथ्यांक संशोधन गर्न निर्देशन दिएका छन्। उनको निर्देशनपछि ग्राहक तथा वितरण सेवा निर्देशनालयका निर्देशक दीर्घायुकुमार श्रेष्ठले छलफलका लागि शनिबार बैठक बोलाएका छन्। बैठकमा सबै प्रादेशिक कार्यालयका प्रमुखहरूलाई बोलाइएको स्रोतको भनाइ छ।

शाक्यले यसअघिका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रस्तुत गरेको चुहावट नियन्त्रणको तथ्यांकमा चलखेल रहेको दाबी गरेका थिए।

**मन्त्रीलाई...**

२०७७ सालमा स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लेख भएअनुसार प्रधानमन्त्रीले मासिक तलब ९४ हजार २ सय ८० रुपैयाँ छ।

प्रधानमन्त्रीले पारिश्रमिक ७७ हजार २८०, महँगी भत्ता २ हजार, सञ्चार सुविधा ५ हजार, मासिक मसलन्द तथा अतिथि सत्कारअन्तर्गत १० हजार रुपैयाँ पाउँछन्।

यसबाहेक प्रधानमन्त्रीले मासिक ३ सय ६ लिटर पेट्रोल, वार्षिक ४० लिटर मोबिल पाउँछन्। प्रधानमन्त्रीले राज्यमन्त्रीस्तरको सल्लाहकारदेखि कार्यालय सहायकसम्म गरी ३४ जना कर्मचारीको सुविधा पाउँछन्। यसका अतिरिक्त दैनिक भ्रमण भत्ता र सुरक्षा व्यवस्था हुन्छ। प्रधानमन्त्रीको दैनिक भ्रमण भत्ता ३ हजार हो, जो काठमाडौं बाहिर गएको अवस्थामा पाउने व्यवस्था छ।

उपप्रधानमन्त्रीको मासिक पारिश्रमिक ७५ हजार ६ सय ४० हो। यसमा मसलन्द, महँगी भत्ता र सञ्चारसमेत जोड्दा मासिक ८४ हजार ६ सय ४० तलब हुन आउँछ।

यसबाहेक उपप्रधानमन्त्रीले मासिक ३ सय ६ लिटर पेट्रोल, सहसचिव सो सरहका एकजना सह-स्वकीय सचिवदेखि कार्यालय सहायकसम्म गरी ८ जना कर्मचारी पाउँछन्। जसको पारिश्रमिक सरकारले बेहोर्छ।

मन्त्रीहरूको हकमा मासिक पारिश्रमिक, मसलन्द तथा अतिथि सत्कार ३ हजार ५ सय, महँगी भत्ता १ हजार, सञ्चार सुविधा ३ हजारसमेत गरी जम्मा ७९ हजार २ सय ३० पाउँछन्। यसका अलावा मासिक २ सय ७ लिटर पेट्रोल र ७ जना कर्मचारी पाउँछन्।

राज्यमन्त्रीले मासिक ६७ हजार ३० रुपैयाँ पारिश्रमिक पाउँछन्। मसलन्द ३ हजार, महँगी भत्ता २ हजार, सञ्चार सुविधा ३ हजार गरी जम्मा ७५ हजार ३० रुपैयाँ पाउँछन्। यसका अलावा राज्यमन्त्रीले मासिक २ सय लिटर पेट्रोल र ७ जना कर्मचारी पाउँछन्।

**गोलिया काठ बोलपत्रद्वारा लिलाम विक्रिको सुचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/१८)

महलपोखरी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल समेत जातको जम्मा गोलिया थान १०१ को ६५०.९७ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृयाद्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मलपोखरी सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा. वडा नं. १ र ४, नवलपरासी (ब.सु.प.)

अनुसूची– १५
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०४/१८

श्री वकडरीया सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०२, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल तथा अन्य जातको गोलिया थान २५१३ को ५०७८.८८ क्यु.फि. काठ र ६.७५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशितं गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री वकडरीया सामुदायिक वन उपभोक्ता समूह**
बुद्धभुमि न.पा -०२, कपिलवस्तु

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# लुम्बिनी प्रादेशिक अस्पतालको प्रवेशद्वारमा वृक्षरोपण



बुटवल । बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको प्रवेशद्वार क्षेत्रमा वृक्षरोपण गरिएको छ । मानवअधिकारका लागि एकल महिला समूह रुपन्देहीको आयोजनामा भएको वृक्षरोपाणमा धुपी, स्वामीलगायतका विभिन्न प्रकारका ३० बिरुवा रोपिएको हो ।

वृक्षारोपणअघि आयोजना गरिएको औपचारिक कार्यक्रममा बोल्दै लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका मेडिकल सुपरिटेण्डेन्ट डा. इन्द्र ढकालले लुम्बिनी प्रादेशिक अस्पताललाई सबैको सहयोग अपरिहार्य रहेको बताए । उनले तीनै तहका सरकार, यो क्षेत्रमा क्रियासिल संघसंस्था तथा जनताको सहयोगले नै अस्पताल अझै विकसित हुने भन्दै सहज सेवाको लागि मद्दत पुग्ने उल्लेख गरे ।

उनले समूहले वृक्षरोपण गरे पनि अस्पतालले यसको संरक्षणमा ध्यान दिने उल्लेख गरे ।

कार्यक्रममा बोल्दै मानवअधिकारका लागि महिला एकल महिला समूह रुपन्देहीका अध्यक्ष रीता शेनले अस्पताल क्षेत्रमा अक्सिजन सहज रुपमा प्रदान गर्न केही भए पनि सहज होस् भन्ने उद्देश्यले वृक्षरोपण गरिएको बताइन् । उनले अस्पतालको विकासमा समूहले हरेक क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै अन्य सामाजिक कार्यको लागि पनि तयार रहेको बताइन् ।

सो अवसरमा लुम्बिनी प्रादेशिक अस्पतालकी गीता ज्ञवाली, संस्थाका सचिव कला केसीलगायतले बोल्दै वृक्षरोपणको महत्वको बारेमा बताएका थिए । सो अवसरमा अस्पतालका दयासागर पन्थी, समूहका लुम्बिनी प्रदेशका निवर्तमान अध्यक्ष जानकी घिमिरेलगायत ४९ जना सदस्यहरु सहभागी रहेका थिए ।

# अक्सफोर्डद्वारा नयाँ विद्यार्थीलाई स्वागत



बुटवल । बुटवलको अक्सफोर्ड माध्यमिक विद्यालयका कक्षा १२ का विद्यार्थीहरूले कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीहरूलाई स्वागत गरेका छन् । बुद्ध जन्मस्थल लुम्बिनीको सभाहलमा भएको कार्यक्रममा मोटिभेसनल स्पिकर उपेन्द्र अधिकारीले विद्यार्थीहरूलाई पढाइप्रति आकर्षित गर्न र शैक्षिक जीवनमा सफलता हासिल गर्न विभिन्न प्रेरणादायी विचारहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रममा बोल्दै राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेशका प्रमुख रमाकान्त तिवारीले अक्सफोर्डले विगतदेखि नै उत्कृष्ट रिजल्ट ल्याउँदै आएको स्मरण गर्दै शिक्षालाई व्यवहारसँग जोड्नुपर्नेमा जोड दिए । विद्यालयका प्राचार्य दिनेश भुसालले भविष्यमा अक्सफोर्डलाई विदेशी विद्यार्थीले समेत पढ्न आउने संस्थाका रुपमा विकास गर्ने लक्ष्य रहेको र यसलाई साकार पारेरै छाड्ने दृढता व्यक्त गरे ।

कार्यक्रममा अभिभावक संघ केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, अक्सफोर्ड कलेजका अध्यक्ष अजित खनाल, क्याम्पस प्रमुख मनोज मरासिनी, प्राध्यापक सुमन भुसाल, विद्यालयका अध्यक्ष दुर्गादत्त भण्डारी, विद्यार्थीहरू प्रतिक भण्डारी, द्विजा आचार्य, विभेचना प्रसाई, सन्ध्या यादव र स्वीकृति अवस्थीलगायतका विद्यार्थीहरूले पनि आफ्नो विचार राखेका थिए ।

कक्षा १२ का विद्यार्थी सन्देश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन विद्यार्थीद्वय विज्ञान हमाल र निकिता चौहानले गरेका थिए भने कार्यक्रमको संयोजन झविन्द्र मरासिनीले गरेका कोर्डिनेटर बालकृष्ण पोखेलले बताए ।

कार्यक्रममा चर्चित हास्य कलाकार मनोज गजुरेलको विशेष प्रस्तुति रहेको थियो । गजुरेलको प्रस्तुतिसँगै कक्षा १२ का विद्यार्थीहरूले विभिन्न नृत्य र सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्दै नयाँ विद्यार्थीहरूलाई स्वागत गरेका थिए ।

# सैनामैना हेल्थ सेन्टरको ९औँ वार्षिकोत्सव



बुटवल । सैनामैना हेल्थ सेन्टर बुटवल ६ रुपन्देहीको ९औं वार्षिकोउत्सव सम्पन् भएको छ । संस्थाका अध्यक्ष लक्ष्मी न्यौपानेको अध्यक्षता तथा मायादेवी कलेजका प्रिन्सिपल नवीन शर्माको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

औषधि व्यवसायी, चिकित्सक, कर्मचारीलगायत सहभागी कार्यक्रममा बोल्दै प्रिन्सिपल शर्माले स्वदेशमा नै केही गर्दै आफूसहित अन्यलाई पनि रोजगारी दिएकोमा आफ्ना विद्यार्थीसमेत रहेका संस्थाका सञ्चालक विष्णु जिसीलाई शुभकामना व्यक्त गरे । उनले अझै सेवा बिस्तार गर्दै थप जनशक्तिलाई रोजगारीमा जोड्न सुझाब दिए ।

औषधि व्यवसायीका प्रदेश अध्यक्ष लुकराज न्यौपानेले औषधिको व्यवसायमा गल्ती कुनैपनि हालतमा मान्य नहुने भएकोले व्यवसायी निकै चनाखो भएर काम गर्नुपर्ने बताए । उनले सैनामैना ग्रुपले गरेको मेहनतको कदर गर्दै अझै सफलताको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा संस्थाका कानुनी सल्लाहकार अधिवक्ता नवराज अधिकारी, आर्थिक सल्लाहकार सीए छवि पोखरेल, विशेष सल्लाहकार गोकर्ण पाण्डे, व्यावसायिक सल्लाहकार एकादेव बस्याललगायतले बोल्दै उतारचढाब आए पनि निरन्तरताले सफलता उन्मुख गराएको बताए ।

संस्थाका सञ्चालक विष्णु जिसीले अहिले पनि प्रत्यक्ष अप्रत्यक्ष ५० जना हाराहारीलाई रोजगारी प्रदान गर्न सकिएको बताउँदै कहिँ नपाएको औषधि सैनामैनामा पाइन्छ भन्ने वातावरण बनिरहेको दाबी गरे ।

सो अवसरमा उत्कृष्ट कर्मचारीको रुपमा राजु पौडेललाई यमहाको स्कुटरसहित पुरस्कृत भएका छन् भने उत्कृष्ट फार्मेसी इञ्चार्जको रुपमा लक्ष्मी भण्डारी हिमस्टार टिभिबाट पुरस्कृत भएकी छ ।

"भरपर्दो औषधि विशेषज्ञ सम्मानबाट अनमोल श्रेष्ठ, उत्कृष्ट समयपालक विष्णु भुसाल, वित्तीय अनुशासनमा उत्कृष्टता पुरस्कारबाट कुशुम न्यौपाने तथा जेहेन्दार कर्मचारीबाट पुरन थारु र अमन थापालाई सम्मान गरिएको थियो भने सम्पूर्ण कर्मचारीहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# एनएमबी बैंकद्वारा तिलोत्तमा पार्कमा वृक्षरोपण




बुटवल । एनएमबी बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तरगत रुपन्देहीको तिलोत्तमा नगरपालिकास्थित तिलोत्तमा पार्कमा वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ । पार्कमा ड्र्यागन फ्रुट, अम्बा, आँप, लिचि, कटरलगायत करिब दुई सय फलफूलका बिरुवा रोपिएको हो ।

एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले बिरुवा रोपरे वृक्षरोपण कार्यक्रमको सुरुवात गरेका थिए । उनले एनएमबी बैंक दिगो विकासअन्तरगत वातावरणमैत्री र पर्यावरण संरक्षणको लागि प्राथमिकता राखेर काम गरिरहेको बताए ।

जलवायु परिवर्तनको असरबाट पर्ने नकारात्मक प्रभावबाट जोगिन एनएमबी बैंकले मुलुकका सातै प्रदेशमा वृक्षरोपण तथा वातावरण सरसफाइका अभियानहरु निरन्तर गरिरहेको बताए ।

उनले हरित अर्थतन्त्र वा 'ग्रिनोमिक्स' अर्थात् वातावरणमैत्री, दिगो र समावेशी विकासलाई प्राथमिकता दिने गरी एनएमबी बैंकका सम्पूर्ण बैंकिङ कारोबार तथा कर्जा लगानीहरु गरेको बताउँदै नेपालको आर्थिक वृद्धिसँगै पर्यावरणको संरक्षण, स्वच्छ ऊर्जाको प्रवर्धन तथा जलवायु अनुकूललाई एनएमबी बैंकले आत्मसात् गरेको उल्लेख्य गरे ।

तिलोत्तमा वडा नम्बर ६ का अध्यक्ष गणेश पाठकले एनएमबी बैंकले तिलोत्तमा नगरपालिकाको तिलोत्तमा पार्कलाई छनौट गरी वृक्षरोपण गरेकोमा आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा राख्दै धन्यवाद ज्ञापन गरेका थिए ।

तिलोत्तमा पार्कका अध्यक्ष दीपक पाठकले तिलोत्तमा नगरपालिकामा रहेको तिलोत्तमा पार्कलाइ उत्कृष्ट र सबैको आकर्षणको केन्द्र बनाउने अभियानमा आफूहरु लागेको जानकारी दिए ।

एनएमबी बैंकले हाल देशभरी २०२ शाखाहरू, १८७ एटीएमहरू र ९ वटा एक्सटेन्सन काउन्टरहरूमार्फत् उच्चस्तरीय सेवा प्रदान गदै आइरहेको छ ।

# सहयोगी बन्दै पाल्पा प्रशासन कार्यालय



**कृष्ण पोखरेल**

*पाल्पा*

जिल्ला प्रशासन कार्यालय पाल्पाको अगुवाइमा सदरमुकाम तानसेनमा सञ्चालित बालगृह, वृद्धाआश्रम, अपाङ्ग बालबालिका र सेभ हाउस सञ्चालन स्थलहरुको अवलोकन, निरिक्षण भएको छ ।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीको नेतृत्वमा, अभियान नेपालद्वारा सञ्चालित बालगृह, निलसागरद्वारा सञ्चालित वृद्धा आश्रम, पाल्पा शिविआरमा सञ्चालित अपाङ्ग बालबालिका पुनःस्थापना केन्द्र र जिल्लाबाट सञ्चालित अस्थायी सुरक्षित आवास गृहको अवलोकन तथा निरीक्षण भएको हो ।

अनुगमन टोलीले तानसेन नगरपालिका वडा नं. १ धुर्वधाटमा अभियान नेपालबाट सञ्चालित, बालगृहको अनुगमन गरेको छ । उक्त संस्थामा हाल २० जना बालबालिका रहेका छन् । जसमा १७ जना बालबालिकाहरु नियमिति रुपमा विद्यालय तथा कलेज क्याम्पसमा अध्यन गर्दै आएका छन् भने ३ जना अपाङ्ग, सूस्त मनस्थिति भएका बालबालिका छन् ।

कार्यक्रममा अभियान नेपालका संस्थापक अध्यक्ष दुर्गा पहाडी, कार्यवाहक अध्यक्ष डिलबहादुर ढुङ्गानाले अभिभावकविहीन, सहाराविहीन बालबालिकाहरुलाई बालगृहमा राखी, नियमितरुपमा स्वास्थ्य उपचार, खानपान बसोवास तथा शैक्षिक सेवा प्रदान गर्दै आएको बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरबाट प्राप्त हुने विभिन्न कसिमका सहयोगहरु रोकिएकोले बालगृह सञ्चालन गर्न कठिन हुँदै गएको संस्थापक अध्यक्ष पहाडीले बताए । स्थानीयस्तरबाट सहयोग नपाएर बालगृह बन्द गर्नुपर्ने अवस्था आउन सक्ने उनले बताए ।

एकातर्फ आर्थिक संकट, अर्कोतर्फ बालगृहमा बसेर १६ वर्ष उमेर पुगेपछि पुनःस्थापना विषयले संस्थालाई अफ्ठ्यारो परेको, दातृ निकायबाट सहयोग रोकिंदा बालगृहमा काम गर्ने कर्मचारीहरुलाई समेत दुई/तीन महिनादेखि तलब दिन नसकेको, बालगृहमा रहेका बालबालिकाको कागजात, जन्मदर्ता तथा नागरता बनाउन समस्या भएको, कुनै बालबालिकाको ठेगाना हालसम्म पहिचान हुन नसकेकोले बालगृह सञ्चालन गर्न कठिनाइ भएको, अबका दिन सहयोगी हातहरु नआए काम गर्न नसकिने अभियान नेपालका कार्यबाहक अध्यक्ष ढुङ्गानाले उल्लेख गरे । अभियान नेपाल बालगृहमा हाल १३ जना छात्रा र ७ जना छात्र रहेका छन् ।

टोलिले तानसेन नगरपालिका वडा नं. १ भुसालडाँडामा संचालित निल सागर आश्रमको अवलोकन गरेको छ । निल सागर आश्रम पाल्पाका संयोजक प्रकाश गंगोलले आश्रममा बस्नेहरु मानसिक रोगीहरु पनि भएकोले उनीहरुको नियमित स्वास्थ्य परीक्षणको लागि समस्या भएको जानकारी गराएका थिए ।

अनुगमन टोलीले पाल्पा तानसेन वडा नं. २ मा रहेको शिविरआरमा सञ्चालित डे केयर सेन्टर, तथा सेभ हाउसको अवलोकन गरेको छ । घर भिजिटमार्फत् ८४ जना अपाङ्ग बालबालिकाहरुलाई फिजियो थेरापी सेवा प्रदान गर्दै आएको पाल्पा शिविआर डे केयरका संयोजक कृष्ण गहतराजले बताए ।

सुरक्षित आवास गृहमा काम गर्ने कर्मचारीलाई नेपाल सरकारको मापदण्डभन्दा निकै कम सात, आठ हजारमा काम गराउनु परेको जानकारी उनले गराए ।

तानसेनमा विभिन्न संघ संस्थाबाट सञ्चालित बालगृह, वृद्धाआश्रम, अपाङ्ग बालबालिका पुनरस्थापना केन्द्र तथा अस्थायी सुरक्षित आवास गृहको अवस्था, उनीहरुलाई परेको समस्या, सरकारी तवरबाट गर्नुपर्ने सहयोग र समन्वय, सहकार्यको बारेमा जानकारी लिएको र सोही अनुसारको सहयोगको समन्वय र सहकार्य गरिने प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए ।

अनुगमनमा जिल्ला प्रशासन कार्यालय, तानसेन नगरपालिका, जिल्ला समन्वय समिती, जिल्ला प्रहरी कार्यालयलगायतको सहभागिता रहेको थियो ।

# भुसालको संस्कृति संस्कार भेष भुसाको जर्गेना र संरक्षणमा टेवा



बुटवल । गुल्मीका विकट क्षेत्रमा रहेको बाझकटेरी ( मदाने) भुसाल सर्म्पक समाज रुपन्देहीको ११औं वार्षिक साधारणसभा बुटवलमा विविध कार्यक्रम गरी मनाइएको छ ।

समाज स्थापना नभएको भए आफ्ना गोतिय दाजुभाइहरुको भेटघाट हुनका लागि समस्या हुने गरेको कार्यक्रममा सहभागीहरुले औंल्याएका थिए । भुसाल सर्म्पक समाज जस्तै देशैभरी स्थापना भएका यस्तै समाजहरुले गर्दा सामाजिक कार्य गर्न सहज हुने गरेको धारणा सहभागीहरुले राखेका थिए ।

समाजका संस्थापक अध्यक्ष हिमालयप्रसाद भुसालले समाज गठन र समाजले गर्न खोजेका कामका बारेमा प्रकाश पारे ।

संस्थापक अध्यक्ष भुसालले समाजले भुसालहरुको संस्कृति संस्कार भेष भुसाको जर्गेना गर्दै त्यसको संरक्षणका लागि गुल्मीको बाँझकटेरीमा जन्मभै तराईका जिल्लामा विभिन्न कारणले बसाईसराइ गरेकाहरुका बिच एकता कायम गरी एक आपसमा भाइचाराको सम्बन्धलाई प्रगाढ बनाउन सहज भएको धारणा राखेका थिए ।

कार्यक्रममा समाजका अध्यक्ष रामचन्द्र भुसालले सामाजिक सेवा भावले स्थापना भएको समाजमा आजीवन सदस्यका रुपमा १७२ जनाले सदस्यता लिएको भन्दै समाजले गर्ने हरेक कार्यमा राजनैतिक, जातीय र भाषिक रुपमा विभेद नहुने गरी विद्यानमा स्पष्ट व्यवस्था गरिएको बताए ।

अध्यक्ष भुसालले समाजले विगतमा गर्दै आएका राम्रा कामलाई निरन्त्रता दिँदै आएको र जेष्ठ नागरिकलाई सम्मानकोकार्यक्रमलाई जारी राखेको पनि जनाए ।

सो अवसरमा कोषाध्यक्ष पुष्कर भुसाल र लेखा समिति संयोजक तुल्सी भुसालले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको सचिव बावुराम भुसालले बताए ।

कार्यक्रममा समाजका सल्लाहकार भक्तिराम भुसाल, पूर्व सचिव केदार भुसाल, प्रेस सल्लाहकार यमलाल भुसाललगायतले समाजले गरेका सराहनीय कार्यको प्रशंसा गर्दै अझै नमूना काम गर्न सुझाव दिए ।

सोही समारोहमा ३ जना ८० वर्ष पूरा हुनु भएका जेष्ठ नागरिकलाई सम्मान गरिएको थियो ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com